**प्लास्टिकको प्रयोग नगरौं, वातावरण स्वस्थ राखौं**

- प्लास्टिक चारसय वर्षसम्म कुहिँदैन ।
- यस्ले जमीन तथा जल प्रदूषण गर्दछ ।
- प्लास्टिकका भाडामा तातो खाद्य पदार्थ क्यान्सर जस्तो घातक रोग लाग्न सक्छ ।
- प्लास्टिक जलाउँदा वायुमण्डल प्रदूषित हुन्छ ।
- खोलानाला वा समुद्रमा प्लास्टिक परेपानी प्रदूषित हुन्छ ।

त्यसैले प्लास्टिकको सट्टा कागज र कपडाले बनेको झोला प्रयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० पुस ०८ गते आइतवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2023 December 24 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ११४


## भारतका विश्वविद्यालयहरूमा भर्नाको नाममा नक्कली फेसबूक पेज खडा गरी ठगीधन्दा

प्रस, वीरगंज, ७ पुस/

भारतको झारखण्ड राज्यस्थित जामतारा भन्ने स्थानको नाम शायदै कसैलाई थाहा नहोला। यो स्थान साइबर क्राइमको उद्गम स्थलको रूपमा परिचित छ। यहाँ घर, खेत, खलियान र बगैंचामा बसेर इन्टरनेटको माध्यमबाट आपराधिक गिरोहहरू ठगी कार्यमा दिनरात सक्रिय रहन्छन्। अहिले जामताराझैं नेपालको शिक्षा क्षेत्रमा माफियाहरू देशैभरि सक्रिय रहेका विभिन्न तथ्यबाट अवगत भएको छ।

यस प्रकारको अपराधमा यस्ता व्यक्तिहरू संलग्न छन्, जो प्रत्येक दिन असङ्ख्य विद्यार्थी तथा अभिभावकबाट सम्मान र नमस्कार ग्रहण गर्छन् । उनीहरूले हात्तीको देखाउने दाँतझैं शैक्षिक परामर्श केन्द्र खोलेर खाने दाँतझैं भित्रैभित्र विद्यार्थी/अभिभावकलाई ठगी गर्ने उद्यममा लिप्त छन् ।




सामाजिक सञ्जालमा विश्वविद्यालयहरूका सिर्जना गरिएका नक्कली फेसबूक पेज। तस्वीरः प्रतीक

भर्खरै प्रकाशित वीरगंजको आर्यन एजुकेशनल कन्सल्टेन्सीको ठगी प्रकारणझैं अर्को एक छुपा रूस्तम काठमाडौंमा बसेर ठगी कार्य गरिरहेको छ। उक्त व्यक्तिले भारतका प्रसिद्ध शैक्षिक संस्थाहरू क्रमशः बनारस हिन्दू विश्वविद्यालय (बिएचयू), दिल्ली युनिभर्सिटी (डियू) र स्टडी इन इन्डियाको नक्कली फेसबूक पेज सिर्जना गरी ठगी गरिरहेको पाइएको छ।

नक्कली यी फेसबूक पेजहरू BHU International Admissions, Delhi University International Addmissions र Study In India नामबाट सञ्चालन गरेको पाइयो। हेर्दा नक्कली पटक्कै नलाग्ने यी पेजहरूमा Level-3, Above Unity Food Cafe, Bagbazar, Kathmandu ठेगाना र मोबाइल नम्बर उल्लेख रहेको पाइयो।

अनुसन्धान गर्दै जाँदा सक्कली र नक्कलीको भिन्नता निम्मानुसार पाइयो।

विश्वविद्यालयहरूका आधिकारिक फेसबूक पेजको वेब ठेगाना क्रमशः bhusocialmedia तथा नाम Banaras Hindu University - Varanasi, दिल्ली युनिभर्सिटीको University of Delhi तथा नाम University या Delhi र स्टडी इन इन्डियाको वेब ठेगाना तथा नाम Study in India रहेको पाइयो।

नक्कली फेसबूक पेजहरू क्रमशः बिएचयूको bhuadmissions, डियूको university of delhi nepal र स्टडी इन इन्डियाको apply scholarship sinindia फेसबूक वेब ठेगाना भएका पेजहरू सञ्चालनमा रहेको पाइयो। यी तीनै पेजको सिर्जना गर्ने व्यक्तिले पेजमा ठेगाना र मोबाइल नम्बरबाहेक अन्य जानकारी उल्लेख गरेको देखिंदैन । सक्कली पेजहरूमा भएका पोस्टहरू केही मिनेट, घण्टा वा एक दिनपछि डाउनलोड गरी नक्कली पेजहरूमा पोस्ट गरिएको देखिन्छ।

सक्कली पेजको एउटै पनि पोस्ट नक्कली पेजमा साझा गरिएको पाइँदैन। किनभने कुनै पनि प्रोफाइल/पेजको पोस्ट अर्को प्रोफाइल/पेजमा साझा गर्दा सोको नामसहित लिङ्क साझा हुने प्रोफाइल/पेजमा देखिन्छ। यसो गर्नुको कारण के हो भने नक्कली पेजको सम्पर्कमा आउने विद्यार्थीको सक्कली पेजमा पहुँच हुन सक्छ। बरु भारतको शिक्षा मन्त्रालयको फेसबूक पेजको पोस्ट भने नक्कली फेसबूक पेजहरूमा साझा गरिएको देखिन्छ। किनभने नक्कली पेजमा आउने विद्यार्थी नक्कली पेजलाई सक्कली मान्न बाध्य होस्। जिब्रो नपोलोस् भनेर फुकीफुकी चिया पिएझैं नक्कली पेज बनाउनेले पेज नक्कली हो भनी सपनामा पनि सोच्न नसकोस्।

DU र Study in India को सक्कली पेजहरूबाट पोस्टहरू डाउनलोड र सम्पादन गरी Nepal Admission Help Line Number र तीनवटा मोबाइल नम्बर उल्लेख गरी नक्कली पेजमा पोस्ट भएको देखिन्छ। मोबाइल सङ्ख्याको अगाडि ह्वाट्सएपको लोगो प्रयोग गरिएको छ। ह्वाट्सएपको लोगो हाल्नुको उद्देश्य विद्यार्थीले ह्वाट्सएपमा मात्र सम्पर्क गरोस् भन्ने हो। कुराकानी रेकर्ड हुने डरले यस्तो गरिन्छ।

त्यसैगरी, नक्कली पेज बनाउनेले इमेल आइडी सक्कलीभन्दा भिन्दै तर विश्वविद्यालयकै हो भन्ने मनोविज्ञान प्रभाव पार्ने उद्देश्यले info@studyinindia.co.in, info@studyinindia.co.in प्रयोग गरेको देखिन्छ। यसरी, तीनवटामध्ये जुनसुकै पेजको ह्वाट्सएप वा इमेलमा सम्पर्क गरे पनि विद्यार्थीको जिज्ञासा एउटै व्यक्तिकहाँ पुग्ने बन्दोबस्त चलाखीपूर्वक मिलाइएको हुन्छ। जबकि सक्कली पेजहरूमा विभिन्न विश्वविद्यालयहरूका इमेल ठेगाना क्रमशः help.studyinindia@gov.in, infocentre@du.ac.in, probhu@bhu.ac.in उल्लेख रहेको देखिन्छ।

प्रतीक दैनिकले विभिन्न कोणबाट अनुसन्धान गर्दै जाँदा बिएचयू र डियूका सक्कली पेजहरूमा प्रयोग गरिएका प्रोफाइल तस्वीर नक्कली पेजहरूमा हूबहू प्रयोग गरिएको पाइयो भने कभर तस्वीर फरक भएपनि ती विश्वविद्यालयहरूसँग सम्बन्धित तस्वीरहरू सम्पादन गरी प्रयोग गरेको देखिन्छ।

त्यसैगरी, स्टडी इन इन्डियाको नक्कली पेजको प्रोफाइल तस्वीर र कभर तस्वीर सक्कलीभन्दा आकर्षक देखिन्छ। सक्कली र नक्कली पेजहरूमा समाविष्ट जानकारी, वेब ठेगाना र पोस्टहरूका मिति र समय एकै साथ नहेरेसम्म सक्कली र नक्कलीबीच भिन्नता छुट्याउन सकिंदैन।

वर्तमान समयमा एकले अर्कोसँग सम्पर्क गर्ने सबैभन्दा उपयुक्त र छिटो संसाधन भनेकै फोन वा ह्वाट्सएप हो। आकाङ्क्षी विद्यार्थी, कुनै पनि पेजमा पुग्नेबित्तिकै उसको ध्यान अन्य जानकारीभन्दा सम्पर्क गर्ने द्रुत संसाधनमा जान्छ । त्यो भनेको मोबाइल हो । विद्यार्थीले मोबाइल नम्बर थाहा पाएपछि केही पोस्ट हेर्छ र व्यक्तिसँग सम्पर्क गर्छ। अतः विद्यार्थीहरूको मनोविज्ञानमा गहिरो प्रभाव पार्ने उद्देश्यसहित नक्कली पेज खडा गरिएको कुरा बुझ्न कठिन छैन। विद्यार्थीलाई लागोस् कि पेज, मोबाइल नम्बर र सम्पर्क व्यक्ति आधिकारिक हो। अनुसन्धान गर्दै जाँदा भारतीय विश्वविद्यालयहरूका नक्कली फेसबूक पेजहरू खडा गर्ने व्यक्ति विराटनगरका गम्भीर भगत रहेको पुष्टि हुने अनेक प्रमाण फेला पर्दै गयो।

उनी आइटी इन्जीनियर र एमबिए पढेको, उनको व्यक्तिगत फेसबूक

(बाँकी अन्तिम पातामा)

## पाँच महिलासहित ९४ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, ७ पुस/

पर्सा र बारामा गरी शनिवार दुई स्थानमा भएको रक्तदान कार्यक्रममा पाँचजना महिलासहित ९४ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए।



तस्वीरः प्रतीक

वीरगंज महानगर-८ दुर्गा हल चोकमा न्यू टाइगर क्लबले आयोजना गरेको रक्तदान कार्यक्रममा तीनजना महिलासहित ६४ जनाले रक्तदान गरेको केन्द्रका प्राविधिक जीतेन्द्र कुशवाहाले बताए।



राहुल साह कानू, सुभाष साह, अनीता ठाकुर, मनोज कानू, प्रभु सर्राफ, मोनी केशरी, नन्दु चौहानलगायतले रक्तदान गरेका थिए।

यसैगरी, कलैया उपमहानगरपालिका-२१ मा बिजुली, पेन्टर, प्लम्बर तथा निर्माण मजदूर युनियन, कलैयाले आयोजना गरेको रक्तदान कार्यक्रममा दुईजना महिलासहित ३० जनाले रक्तदान गरेका केन्द्रका प्राविधिक प्रमुख पाण्डेले बताए।

संस्थाका अध्यक्ष धनेश्वर कुशवाहाको अध्यक्षतामा भएको कार्यक्रमको नेपाली काङ्ग्रेस, बाराका सभापति राजेशराय यादवले उद्घाटन गरेका थिए।

कार्यक्रममा प्रभादेवी कुशवाहा, सुरेन्द्र चौधरी, रामानन्द यादव, रामेश्वर कुशवाहा, जीतेन्द्र बछार थारू, महेशभगत केशरी, अमित चौधरी, प्रेम यादवलगायतले रक्तदान गरेका थिए।

## मोटरसाइकल दुर्घटनामा दुईजनाको मृत्यु

प्रस, वीरगंज, ७ पुस/

बाराको प्रसौनी गाउँपालिकामा गएराति मोटरसाइकल दुर्घटना हुँदा दुईजनाको मृत्यु भएको छ।




तस्वीरः फाइल

जिल्ला प्रहरी कार्यालय, बाराका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले कलैयाबाट वीरगंजतर्फ गइरहेको मप्र-०३-०३०-प-४३९८ नम्बरको मोटरसाइकल अनियन्त्रित भएर प्रसौनी गापा-२ दुधौरा खोलामा दुर्घटना हुँदा मोटरसाइकलमा सवार कलैया उपमहानगरपालिका-१३ बलिरामपुर निवासी २२ वर्षीय कुन्दन मेहता खत्री र वडा नं १२ का २२ वर्षीय अभिमन्यु कुशवाहा घाइते भएका थिए।

खत्रीलाई एलएस न्यूरो र कुशवाहालाई नेशनल मेडिकल कलेजमा भर्ना गरिएकोमा उपचारको क्रममा दुवैजनाको निधन भएको सूचना अधिकारी न्यौपानेले बताए।

## पत्नीलाई कान्छीआमा बनाएको मुद्दामा अभियुक्तद्वय जनही डेढ लाख धरौटीमा रिहा

राधेश्याम पटेल, परवानीपुर, ७ पुस/

पर्साको चर्चित किर्ते मुद्दामा पक्राउ परेका अभियुक्तहरू जनही डेढ लाख रुपैयाँ धरौटीमा रिहा भएका छन्। पर्सा जिल्ला अदालतको आदेशमा अभियुक्तहरू रिहा भएका हुन्।

शुक्रवार पर्सा जिल्ला अदालतका मुख्य न्यायाधीश रामप्रसाद शर्माको इजलासले थुनछेक बहसमा सो आदेश गरेको हो । किर्ते गरी पत्नीलाई कान्छीआमा बनाएको मुद्दामा दुवैतर्फका कानून व्यवसायीको बहस पैरवी सुनेपछि मुख्य न्यायाधीश शर्माले धरौटीमा रिहा गर्न आदेश दिएका हुन्।

पर्सा प्रहरीमा दर्ता भएको किर्ते मुद्दाको मिसिल जिल्ला सरकारी वकीलको कार्यालयमा पुगेपछि पर्सा जिल्ला अदालतमा लिखत, नागरिकता र किर्ते कसूरमा अभियोगपत्र दायर भएर शुक्रवार पेसीमा मुद्दा दर्ता भएकोमा १ नं बेन्चको इजलासबाट सो आदेश आएको अदालतका श्रेस्तेदार धनेन्द्र अधिकारीले बताए।

धरौटीमा पर्सा, बहुदरमाई नपा-२ सिसियाडी बस्ने विकासप्रसाद यादव र निजकी पत्नी सङ्गीता देवी रिहा भएका हुन्। पर्सा प्रहरीले केही साताअघि किर्ते मुद्दामा दुवै पतिपत्नीलाई पक्राउ गरेको थियो।

यसै मुद्दामा बहुदरमाई नपा-२ का अध्यक्ष जीतेन्द्र पटेल अहिलेसम्म फरार छन्।



पर्सा जिल्ला अदालत। तस्वीरः फाइल

पर्सा प्रहरीको अनुसन्धानबाट विकासले आफ्नी पत्नी सङ्गीतालाई नक्कली कान्छीआमा बनाएर बुबाको मृत्युपश्चात् पाइने निवृत्तिभरणको रकम कुम्ल्याइरहेका थिए । पतिपत्नीले निवृत्तिभरणबापत रु १२ लाखभन्दा बढी रकम झिकेको नेपाल बैंक लिमिटेडको स्टेटमेन्टबाट देखिएको छ।

अदालतले मुद्दाको प्रारम्भिक सुनवाइको क्रममा गरेको आदेशमा जाहेरीवाला प्रमोदप्रसाद यादवले असन्तोष प्रकट गरेका छन्।

## कोल्हवीका महिला वडा सदस्य सम्पर्कविहीन

प्रस, निजगढ, ७ पुस/

कोल्हवी नगरपालिकाकी २५ वर्षीया महिला वडा सदस्य तीन दिनदेखि सम्पर्कविहीन छिन्।

वडा नं २ कि वडा सदस्य फिर्ती माझी यही पुस ५ गते बिहान ९ बजे घरबाट निस्किएपछि अहिलेसम्म सम्पर्कमा नआएको परिवारजनले बताएका छन्।

पत्नीलाई एक दिन खोजबीन गर्दा नभेटिएपछि हिजो इलाका प्रहरी कार्यालयमा जानकारी गराएको पति शिवशङ्कर माझीले बताए।

महिला वडा सदस्य घरपरिवारको सम्पर्कमा नभएको जानकारी आफूले पनि पाएको र त्यस दिनदेखि वडा कार्यालयमा पनि नआएको र आफूले पनि कहींकतै नदेखेको वडाध्यक्ष गोपालप्रसाद अधिकारीले बताए।

महिला वडा सदस्यको खोजी गरिदिन निवेदन प्राप्त भएसँगै खोजी कार्य भइरहेको इप्रका, कोल्हवीका प्रहरी निरीक्षक भोलामान सिंह अधिकारीले बताए।

## विचारसार र सूक्तिहरू

**मलाई कसैको खाँचो छैन भन्ने अभिमान हुनुहुँदैन, न यो भ्रम कि सबैलाई मेरो खाँचो छ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# डेडिकेटेड र ट्रङ्क लाइनको लफडा कसरी सल्टयाउने ?

समयान्तर




ओमप्रकाश खनाल
omkhanal@gmail.com


केही महीनाअघि नेपाल विद्युत् प्राधिकरणले डेडिकेटेड फिडर र ट्रङ्क लाइनबाट आपूर्ति लिएर महसूल नबुझाएका औद्योगिक ग्राहकको लाइन काट्ने बताएपछि अत्तालिएका उद्योगीहरू प्रधानमन्त्री पुष्पकमल दाहालसमक्ष हारगुहार गर्न पुगेका थिए । त्यस बेला प्रधानमन्त्रीले प्राधिकरणलाई लाइन नकाट्न निर्देशन दिएपछि उद्योगीले राहतको सास फेरेका थिए । तर प्रधानमन्त्रीकै निर्देशनमा अहिले महसूल नतिर्ने ठूला उद्योगको लाइन काट्न शुरू भएको छ । देशकै अगुवा औद्योगिक घरानादेखि उद्योगी–व्यापारीका अगुवाले चलाएका उद्योगको लाइन काटिएको छ ।

करीब एक दशकदेखि उद्योगी र प्राधिकरणबीच यो तानातान चलिआएको छ । प्राधिकरणले सूचना निकाल्ने, उद्योगीहरूले नेता गुहार्ने र केही समयका लागि विवाद थामथुम हुने क्रम चलिरहेको थियो । समयमैं विवादको सही निकास दिन नसक्दा यो विवाद कचल्टिएको हो । प्राधिकरण र केही आफूलाई अब्बल भन्न रुचाउने उद्योगीको बदमाशीका कारण अन्य औसत उद्योग पिल्सिएका छन् । उद्योगको लाइन काटिएपछि उद्योगीहरू अब के गर्ने भन्नेमा छन् । केही उद्योगीहरूले प्राधिकरणको पछिल्लो कदमको विरोधमा उद्योग बन्द गर्नुपर्ने पक्षमा उभिए पनि यसमा सबै उद्यमीको मत मिल्ने सम्भावना देखिन्न ।

प्राधिकरणका अनुसार लोडसेडिङको समयमा डेडिकेटेड फिडर र ट्रङ्क लाइनबाट निरन्तर विद्युत् उपभोग गर्ने ६७ वटा उद्योगसँग २० अर्ब रुपैयाँ लिन बाँकी छ । देशमा चरम लोडसेडिङको अवस्थामा ती लाइनमार्फत २४सैं घण्टा विद्युत् खपत गर्ने उद्योगलाई प्राधिकरणले महँगो दरमा महसूल लिने शर्त गरेको थियो । प्राधिकरणले त्यस बेला २४सैं घण्टा विद्युत् खपत गर्न चाहनेहरूलाई आफूसँग सम्झौता गर्न भनेको थियो ।

केहीले प्राधिकरणको शर्तमा सम्झौता गरे पनि अधिकांशले सम्झौता नै नगरेको बताइरहेका छन् । कतिपय उद्यमीहरू अदालतसम्म पनि पुगे । डेडिकेटेड र ट्रङ्क लाइन माग नै नगरेको अवस्थामा प्रिमियम महसूल नतिर्ने अडानलाई अस्वाभाविक भन्न मिल्दैन । तर जसले सहुलियत उपयोग गरे उनीहरूको बदनियतका कारण आज आम उद्योगीप्रति नकारात्मक धारणा बनेको पनि सत्य हो । ती उद्योगी इमानदार भइदिएको भए अन्य उद्यमी 'गहुँको घुन' हुनुपर्ने थिएन । सरकारले यसमा उचित निर्णय गरेर सल्टयाउनुको सट्टा समस्यालाई तन्काउने काम मात्र गर्दै आएको छ । अझै पनि यो विषय विवाद र विरोधाभासमुक्त भने छैन ।

### डेडिकेटेड र ट्रङ्क लाइन किन ?

देश चरम लोडसेडिङमा थियो, त्यसै बेला ६६ केभी प्रसारण लाइनबाट आपूर्ति लिएका उद्योगहरूमा लाइन काट्ने प्रविधि प्राधिकरणासित थिएन । माथिल्लो भोल्टेजबाट आपूर्ति लिने औद्योगिक ग्राहकले आफ्नै लगानीमा ट्रान्सफर्मर राखेकाले उनीहरूले लोडसेडिङको पालना गर्ने कि नगर्ने उनीहरूकै स्वेच्छामा भर पर्ने कुरा थियो । यस्ता केही उद्योगले लोडसेडिङ पालना गरिरहेका थिएनन् ।

केही उद्योग र प्राधिकरणका कर्मचारीको मिलेमतोमा यो प्राविधिक कमजोरी दुरुपयोग भइरहेको थियो । तर यस्ता ग्राहकले लिएको टिओडी मिटरको अनुगमन भएको अवस्थामा लोडसेडिङ पालना भए/नभएको पत्ता लाग्न सक्थ्यो । त्यस बेला केही उद्योगमा अनुगमनका क्रममा लोडसेडिङ पालना नभएको भेटिएको थियो । यो तथ्य बाहिरिएपछि प्राधिकरणले २०७० सालमा उपाय निकाल्यो । दैनिक २० घण्टाभन्दा बढी विद्युत् उपयोग गर्न चाहने औद्योगिक ग्राहकले प्रिमियम दरमा विद्युत्का लागि आवेदन दिन सक्ने सूचना प्रकाशित गऱ्यो । त्यस बेला बढी विद्युत् खपत गर्ने र बढी उत्पादन गरिरहेका फलाम, सिमेन्टजस्ता केही उद्योगले यो सुविधा उपभोग गरे । कम खपत गर्ने र बढी उत्पादन नभएका उद्योगले यो माग नगरेको पनि हुन सक्छ ।

### विवाद के हो ?

डेडिकेटेड र ट्रङ्क लाइनबाट विद्युत् खपत गरे पनि प्राधिकरणले त्यसको बिल तीन वर्षपछि पठायो । यो सुविधा दिंदा विनियमावली बनेपछि दर तय हुने र त्यसैका आधारमा बिल पठाउने शर्त थियो । प्राधिकरणले विद्युत् महसूल सङ्कलन विनियमावली–२०७३ आएपछि यस्ता ग्राहकलाई सामान्य दरभन्दा ६५ प्रतिशत महँगो दरको महसूल लगाएर बिल पठाएको थियो । प्राधिकरणले त्यस्तो प्रसारण लाइनबाट आपूर्ति लिएका सबै ग्राहकले २० घण्टा विद्युत् उपयोग गरेको मानेर प्रिमियम दर लगाएपछि विवाद भयो । जसले यो सुविधा माग नै गरेका थिएनन्, उनीहरूले प्राधिकरणको प्रतिवाद गर्नु त स्वाभाविक हो, तर जसले आम जनता दिनहुँ १६ घण्टा लोडसेडिङमा पिल्सिएका बेला प्राधिकरणको शर्त स्वीकार गरेरै नाफा कुम्ल्याएका थिए, तिनै बखेडा झिक्नेमा अगाडि देखिए ।

### समस्या के हो ?

विद्युत् व्यापारमा एकाधिकार लिएर बसेको प्राधिकरणको बलमिच्याइँ समस्याको मूल कारण हो । प्राधिकरणले जसले डेडिकेटेड माग गरेको हो, ती उद्योगलाई मात्र बिल पठाउनुपर्ने थियो । तर माथिल्लो भोल्टेजबाट आपूर्ति लिएका सबैलाई प्रिमियम दर लगाउनुले प्राधिकरण आफ्नै कदमका कारण अप्ठेरोमा फस्यो । माग नगरेकाले प्रयोग गरेको आशङ्का भए टिओडी मिटर जाँच गरेर पत्ता लगाउन सकिन्थ्यो । सबैलाई चर्को महसूल तिराउने प्राधिकरणको नेतृत्वको हठपूर्ण निर्णय यो विवादको जड हो ।

कतिले डेडिकेटेड लाइन माग नगरेको र लोडसेडिङ पालना गरेको भन्दै प्रमाण देखाउन प्राधिकरणलाई चुनौती दिएका छन् । तर प्राधिकरणले यो प्रमाण देखाउन सकेको छैन । प्राधिकरण आफ्नै प्रक्रियागत त्रुटिका कारण डेडिकेटेड लाइन माग गर्नेहरूको प्रमाण पनि देखाउन नसक्ने अवस्थामा छ । यो प्रमाण देखाउँदा जसको देखाउन सकिएन, ती ग्राहकलाई हचुवामा बिल पठाइएको स्वतः प्रमाणित हुन्छ ।

### लोडसेडिङ अन्त्यपछि पनि प्रिमियम महसूल ?

मनोमानी कतिसम्म भने, प्राधिकरणले लोडसेडिङ अन्त्यपछि आपूर्ति लिएका ग्राहकलाई पनि प्रिमियम दर लगाएको थियो । २०७५ जेठमा लोडसेडिङ अन्त्यको घोषणा भयो । तर २०७३ मा ल्याइएको विद्युत् महसूल सङ्कलन विनियमावली संशोधनमा थप दुई वर्ष लगायो । विनियमावली २०७७ मा संशोधन गरियो । २०७७ असारमा विद्युत् नियमन आयोगले डेडिकेटेड र ट्रङ्क लाइन खारेज गरेर सामान्य महसूल दर तोकेको थियो ।

**लोडसेडिङ अन्त्य भइसकेपछि सामान्य लाइनबाट आपूर्ति माग्ने ग्राहकलाई समेत क्षमता नभएको भन्दै माथिल्लो भोल्टेजबाट आपूर्ति दिएको प्राधिकरणले दुई वर्षसम्म प्रिमियम दरको महसूलमा बिल पठाइरह्यो ।**

लोडसेडिङ अन्त्य भइसकेपछि सामान्य लाइनबाट आपूर्ति माग्ने ग्राहकलाई समेत क्षमता नभएको भन्दै माथिल्लो भोल्टेजबाट आपूर्ति दिएको प्राधिकरणले दुई वर्षसम्म प्रिमियम दरको महसूलमा बिल पठाइरह्यो । लोडसेडिङ नै नभएको अवस्थामा कस्तो प्रिमियम दर ? प्राधिकरणको बदनियतले आज लोडसेडिङपछि आपूर्ति लिएका ग्राहकको करोडौं रुपैयाँ बक्यौताको विवाद बेग्लै छ ।

### समाधान के त ?

अब यो समस्याको समाधान कसरी त ? पहिलो, देश चरम लोडसेडिङमा रहेका बेला माग गरेर वा नगरी डेडिकेटेड र ट्रङ्क लाइनबाट २० घण्टाभन्दा बढी विद्युत् खपत गरेकालाई ब्याजसहित महसूल तिराउनुपर्छ । अझ यस्तो सहुलियत माग नगरी लोडसेडिङ पालना नगर्नेलाई त जरिवाना पनि तिराउनुपर्छ ।

जसले लिखितरूपमैं माग गरेका छन्, त्यो प्रमाणका आधारमा असुल गर्न असजिलो छैन । दोस्रो, जसले माग गरेका थिएनन्, र उनीहरूले लोडसेडिङ पालना नगरेको आशङ्काकै भरमा प्रिमियम महसूल लगाइएको हो, त्यस्ताको टिओडी मिटर जाँच गर्न सकिन्छ । विगतमा पनि यो प्रविधिबाट दुरुपयोग पत्ता लागेकै हो । तेस्रो, लोडसेडिङ अन्त्य भइसकेपछि २०७५ जेठपछि आपूर्ति लिएकालाई महसूल तिराउनु अन्याय हो । यस्ता ग्राहकलाई लगाइएको प्रिमियम महसूलको बिल खारेज हुनुपर्छ ।

# हेटौंडा अस्पतालद्वारा डायलाइसिस सेवा शुरू

मकवानपुर, ७ पुस/रासस

मकवानपुरको हेटौंडा अस्पतालले मिर्गौला रोगीका लागि डायलाइसिस उपचार सेवालाई सहज बनाएको छ । यहाँ हाल मधेस प्रदेशका सिराहा, बारा, पर्सा तथा बागमती प्रदेशका सिन्धुली र मकवानपुरमा गरी कुल ६६ मिर्गौला रोगीले दैनिक आलोपालो गरी डायलाइयसिस सेवा लिइरहेका छन् ।

हेटौंडा अस्पतालको डायलाइसिस युनिटकी इन्चार्ज सीमा कँडेलका अनुसार डायलाइसिस सेवा लिनेमा १८ जना महिला छन् । मिर्गौला बिरामीले हप्ताको दुईपटक अनिवार्यरूपमा चिकित्सकको परामर्श अनुसार डायलाइसिस सेवा लिइरहेका छन् । उनका अनुसार हेटौंडा अस्पतालमा हाल मिर्गौला रोग विशेषज्ञ चिकित्सक उपलब्ध नहुँदा डायलाइसिस गरिरहेका बिरामीको उपचारमा समस्या भएको कँडेल बताउँछिन् । बिरामीलाई थप उपचार गर्नुपर्ने अवस्था आए कहाँ लैजाने भन्ने समस्या रहेको उनको भनाइ छ ।

"विशेषज्ञ चिकित्सक नहुँदा मिर्गौलाका बिरामीले समस्या भोगिरहेका छन् । अस्पतालका अन्य चिकित्सकलाई देखाउने गरिएको छ," उनले भने । अहिले डायलाइसिस युनिट कक्षमा १३ वटा डायलाइसिस मेशीनबाट दैनिक बिहान, दिउँसो र साँझ गरी तीनपटक प्रत्येक बिरामीलाई आलोपालो डायलाइसिस सेवा दिने गरिएको छ ।

डायलाइसिस युनिटमा सङ्घीय सरकारको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, हेटौंडा उपमहानगरपालिका, रोटरी क्लब हेटौंडा र आरोग्य स्वास्थ्य प्रतिष्ठान ललितपुरले डायलाइसिस मेशीन खरीद गरी उपलब्ध गराएको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान हेटौंडा अस्पतालका प्रमुख चिकित्सक डा रामचन्द्र सापकोटाले बताए । उनका अनुसार पुराना चारवटा डायलाइसिस मेशीन बिग्रेकाले केही दिनमा प्राविधिक बोलाएर मर्मतसम्भार गरी सञ्चालनमा ल्याइने भएको उनले जानकारी दिए ।

मकवानपुरमा मिर्गौला बिरामी चार सयभन्दा बढी पहिचान भएको र उनीहरूले आआफ्नो सुविधा अनुसार काठमाडौं, ललितपुर, भक्तपुर र चितवनका विभिन्न अस्पतालमा डायलाइसिस सेवा लिंदै आएका जिल्ला स्वास्थ्य कार्यालय, मकवानपुरका सूचना अधिकारी लक्ष्मणप्रसाद घिमिरेले जानकारी दिए । मिर्गौलाका बिरामीलाई तत्काल डायलाइसिस उपचार सेवा पाउन प्रत्येक स्थानीय निकायबाट अनिवार्य सिफारिश लिनुपर्ने र सोही अनुसार विपन्न नागरिक उपचार सेवा कोष अन्तर्गत निश्शुल्क डायलाइसिस उपचार

(बाँकी तेस्रो पातामा)

# यसरी बढाउँ आत्मसम्मान

आत्मसम्मान, मानिसको आफूलाई मूल्याङ्कन गर्ने भाव हो । कसैले आफूलाई के मूल्य दिन्छ वा आफ्नो मूल्य कति निर्धारित गर्दछ भन्ने कुरा उसको स्वयंप्रति विश्वास र उसको भावनात्मक अवस्थामा निर्भर गर्दछ । यो एउटा सूक्ष्म तत्त्व हो, जुन आफ्नो स्वप्रति सम्मानको भाव हो ।

आत्मसम्माको विकास धेरैजसो बाल्यावस्थाको पालनपोषणमा निर्भर गर्दछ । आमाबुवा वा अभिभावकहरूबाट उचित भावनात्मक पोषण प्राप्त नहुनु, खराब सङ्गत, जीवनको आघात वा विषम अनुभव, स्कूल वा कलेजमा नराम्रो प्रदर्शन, नराम्रो बानी वा कुनै कुलतको शिकार बन्नुजस्ता कुराले आत्मसम्मानको स्वस्थ विकासमा अवरोध पुऱ्याउँछ र मानिस गम्भीर हीनताबोधले ग्रस्त हुन्छ तथा यसले गर्दा सही जीवन बाँच्न पाउँदैन ।

यस्तो हुँदा मानिसमा तनाव, उद्वेग, एक्लोपन वा अवसादको लक्षण बढ्न जान्छ तथा मित्रता स्थापित गर्न र स्वस्थ सम्बन्ध बनाउन वा निर्वाह गर्न अप्ठ्यारो पर्छ । यसले गर्दा बौद्धिक कार्य एवं रोजगार आदि गम्भीररूपले प्रभावित हुन्छ र मानिस रक्सी तथा नशाको चपेटामा पर्न जान्छ । यस्तो अवस्थामा मानिस आफ्नो इच्छा, आकाङ्क्षा र भावनालाई प्रस्टगरी व्यक्त गर्न सक्दैन । ऊ आफूलाई जीवनका सामान्य सुख–सुविधा एवं अधिकारको योग्य ठान्दैन र निर्णय लिन पनि अप्ठ्यारो अनुभव गर्छ ।

नकारात्मक चिन्तनले ग्रस्त यस्ता मानिसलाई लाग्दछ कि जति पनि नकारात्मक चीज उसैका साथ घटित हुन्छ, राम्रो चीज उसको भाग्यमैं छैन । ऊ अतीतमा विचरण गर्न थाल्दछ र आफ्ना असफलता एवं नकारात्मक अनुभवहरूको सूची बनाइरहन्छ । यस्तोमा ऊ अत्यधिक चिन्तनको शिकार बन्न पुग्छ । आफ्नो अक्षमता, निरर्थकताको भावले आक्रान्त रहन्छ कि कोही उसलाई मन पराउँदैन, कसैले माया गर्दैन, कसैले उसलाई स्वीकार गर्दैन ।

निश्चय नै स्वस्थ, सन्तुलित एवं सफल जीवन बाँचनका लागि आत्मसम्मानको उचित विकास आवश्यक हुन्छ । यदि व्यक्ति कुनै कारणले आत्मसम्मानको न्यूनताले आक्रान्त छ भने ऊ आफैं पनि त्यसको उपचार गर्न सक्छ ।

आत्मविश्वास विकसित गर्नका लागि ती दुराग्रहहरूसँग जुझ्नुपर्छ, त्यसको तहसम्म जानुपर्छ, जसले व्यक्तिको मूल्य खसालिरहेको छ । सोचौं मनमा यस्ता कुन–कुन दुराग्रह छन्, जसले स्वको भावलाई नकारात्मक बनाइरहेको छ, मनमा ग्लानि–भाव जाग्रत पार्छ, आफूलाई अवहेलित बनाउँछ ।

यस्ता बानी, यस्ता कामहरूको सूची बनाउँ, जसले आत्मसम्मानको भाव निस्तेज पारिरहेका छन् । अचेल स्मार्टफोन यस सन्दर्भमा एउटा खलनायकको भूमिका लिएर प्रकट भइरहेको छ, जसले यस्ता कार्यका लागि उक्साइरहन्छ, जुन पछि मानिसका लागि चिन्ता एवं पश्चात्तापको कारण बन्दछ, उसको आत्मसम्मानको भावलाई क्षीण बनाउँदछ । यिनको मायाबाट सावधान बस्नुपर्छ । आन्तरिक आलोचकलाई शान्त पारौं । अनावश्यक आलोचना गर्ने मनको वाणीलाई शान्त पारौं ।

**एउटी आमाले जस्तै बरालिएको मनरूपी बच्चाका साथ व्यवहार गरौं । एउटा आँखाले पुल्पुल्याउने र अर्को आँखाले सुधार्ने प्रयास गर्दै अनन्त धैर्यका साथ काम गरौं । समय अन्तरालमा आफूलाई केही खुकुलो पारौं र त्यस्तो काम गरौं जसबाट खुशी प्राप्त हुन्छ ।**

आन्तरिक नकारात्मक ध्वनि प्रायः आफ्नै पूर्वकृत्य एवं घटित घटनाहरूमा आधारित हुन्छ । कुनै आवेश–आवेग, अज्ञानता वा परिस्थितिजन्य दबाबले घटित यस्ता आन्तरिक घाउ भरिन समय लाग्छ, यसलाई बिसेक हुन दिउँ । यसका लागि स्वस्थ–सन्तुलित जीवनचर्या अँगालौं र सात्त्विक विचार–भावले परिपूर्ण वातावरणमा बस्ने प्रयास गरौं । स्वाधाय–सत्सङ्ग, ध्यान–प्रार्थनाको माध्यमले यो काम राम्ररी सम्पन्न हुन सक्छ । गहन आत्मनिरीक्षणका साथ यिनको मूलसम्म पुगौं, यिनलाई बुझेर आत्यन्तिक उपचार गर्ने प्रयास गरौं ।

आफ्ना नकारात्मक विश्वासलाई चिनौं तथा यसलाई चुनौती दिउँ साथै आफूसम्बन्धी सकारात्मक चीज खोजौं, तिनलाई प्रोत्साहन दिउँ । वर्तमानमा बाँचौं, आफ्नो विचार एवं भावहरूप्रति जागरूक रहौं, ध्यान गर्ने अभ्यास गरौं र आफूसँग जोडियौं । आफूभित्रको आलोचक, जसले दोहोरो मानदण्ड राख्दछ, गहिरोगरी पुरिदिउँ । आफूप्रति अनावश्यकरूपले कठोर र अरूप्रति अतिशय उदार नबनौं । आफूलाई पनि केही मान दिउँ । आन्तरिक आलोचकलाई प्रशिक्षित बनाउँ । मनको कार्यशैली बुझ्ने प्रयास गरौं । कुनै काम गर्न समय त लाग्छ, मनको अवचेतन एवं अचेतन स्वरूपलाई बुझौं ।

मनसँग यसरी जोरी खोज्दा अत्यधिक कठोरताले नकारात्मक परिणाम पनि ल्याउन सक्छ । यसका साथ समझदारी, सूझ एवं धैर्यका साथ जुझौं । एउटी आमाजस्तै आफ्नो बरालिएको मनरूपी बच्चाका साथ व्यवहार गरौं । एउटा आँखाले पुल्पुल्याउने र अर्को आँखाले सुधार्ने प्रयास गर्दै अनन्त धैर्यका साथ काम गरौं । समय अन्तरालमा आफूलाई केही खुकुलो पारौं र त्यस्तो काम गरौं जसबाट खुशी प्राप्त हुन्छ । सानासाना उपलब्धिमा आफूलाई श्याबासी दिउँ तथा आफ्नो जीवन आनन्दका साथ बाँचौं । आफ्नो श्रेष्ठतम प्रयास गरौं, तर आफ्नो अकुशलतामा स्वयंलाई नसरापौं ।

बाटोमा मानवीय त्रुटि हुनु सम्भव छ, जुन हुन्छ पनि, तर यसका लागि आफूलाई सराप्दा सारा ऊर्जा कुनै गैर उत्पादक परिणाममा खर्च हुन सक्छ । यस्तो भएमा त्यस्ता घटना, दुर्घटना वा भूलबाट सबक सिकौं । यसरी गर्दागर्दै एक दिन हामी आत्मसम्मानको भावले भरिने छौं; किनभने सानासाना सफलताले पनि तपाईंको आत्मसम्मान बढाइरहेका हुन्छन् र यसरी एक दिन विजयी मुस्कान तपाईंका साथ हुनेछ ।

त्यसपछि, एउटा खेलाडीजस्तो हामी, जय–पराजयका बीच आफ्नो कौशल तिखार्दै आत्मसम्मान समृद्ध पारिरहेका हुनेछौं । यो मानेर हिंडौं कि यहाँ कोही पनि पूर्ण छैन, सबै गल्ती गर्छन् । तपाईं पनि अपवाद होइन । त्यसमा ध्यान केन्द्रित गरौं जसलाई बदल्न सक्छौं । ती मानिसका साथ समय बिताऔं, जो तपाईंबारे राम्रो धारणा राख्दछन्, तपाईंलाई राम्रोको अनुभव गराउँछन्, जो तपाईंलाई श्रेष्ठतम गर्नका लागि प्रेरित गर्दछन् तथा तपाईंको आत्मसम्मानको भाव जाग्रत पार्दछन् । यदि यस्तो सङ्ग–साथ उपलब्ध छैन भने महापुरुषहरूका पुस्तकहरूको, उनका प्रवचनहरूको सत्सङ्ग गर्न सकिन्छ ।

यसका लागि उनको स्वाध्याय गरौं, जो सङ्घर्षद्वारा आफ्नो क्षेत्रमा उत्कर्षको शिखरमा पुगेका छन् । यस क्रममा ती मानिससँग टाढै बसौं, जो तपाईंलाई आफ्ना ईर्ष्या–द्वेष तथा कुण्ठाका कारण सरापिरहन्छन् वा तल देखाउने प्रयास गर्दछन्, नकारात्मकताको सञ्चार गर्दछन् र आत्मसम्मान खस्काउने कारण बन्दछन् । यस्ता मानिसहरूसँग आत्मसम्मान नगुमाई जुझ्ने कला सिकौं । वास्तवमा नराम्रोप्रति उपेक्षाको दृष्टि एक हदसम्म उपयोगी नै हुन्छ । साथै आफ्नो वाञ्छित अधिकारका लागि उभिन पनि सिकौं र आवश्यक परेका बेला 'नाइँ' भन्न सिकौं ।

व्यावहारिक पृष्ठभूमिमा परस्पर सकारात्मक सम्बन्ध बनाऔं र नकारात्मकताबाट जोगियौं । आफ्नो सङ्घर्षको प्रेरक कथाहरू लेखौं । सधैं सानसाना पाइला अगाडि सारौं । आफ्नो सङ्घर्ष गाथा कलमबद्ध गरौं र आफ्नो विजयी अभियानका अनुभवहरूलाई आवश्यकता भएका साथीहरूसँग साझा गरौं । यो पनि आत्मसम्मान बढाउने एउटा उपक्रम साबित हुन सक्छ । आफूजस्ता सङ्घर्षशील मानिसहरूबारे सोचौं र उनका लागि समाधानको सूत्र बन्ने प्रयास गरौं ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# उत्तरी भारतमा चीसोसँगै वायु प्रदूषण बढ्यो

नयाँ दिल्ली, ७ पुस/एएनआई

भारतको उत्तरी भूभागमा बाक्लो कुहिरो तथा वायु प्रदूषणको प्रभाव बढ्न थालेपछि शनिवार राजधानी नयाँ


तस्वीरः एएनआई

दिल्लीको आकाश र जमीनको दृश्य कमजोर बनेको छ। यहाँको तापक्रममा एक्कासि कमी देखिएको छ।

भारतीय मौसम विभागका अनुसार न्यूनतम तापक्रम १४ डिग्री सेल्सियस र पालममा १२.२ डिग्री सेल्सियस मापन गरिएको छ।

नयाँ दिल्लीमा चीसो बढ्दा न्यानोको लागि आगो बाल्ने र ताप्ने गरेका दृश्यहरू देखिएका छन्।

चीसोका कारण विभिन्न ठाउँमा स्थानीयहरू कम्बललगायतका लुगा ओढेर हिंडिरहेका देखिएका छन्।

साइकल चालक तथा पैदल यात्रामा निस्किएका स्थानीयले शनिवार तापक्रममा उल्लेख्य गिरावट आइ चीसो अत्यधिक बढेको बताएका छन्।

स्थानीयले शनिवार एएनआईसँगको प्रतिक्रियामा भनेका छन्, "चीसो अत्यधिक भएकोले पैदल यात्रा गर्न गाह्रो भइरहेको छ। कुहिरो तथा प्रदूषणले नियमित पैदल यात्रामा समस्या बढेको छ। प्रदूषणका कारण हुने स्वास्थ्य समस्याहरूबाट बच्न मास्क लगाएर बाहिर निस्किरहेका छौं।"

दिल्लीको समग्र वायु गुणस्तर सूचकाङ्क गुणस्तरीय मौसम पूर्वानुमान तथा अनुसन्धान प्रणाली अनुसार शनिवार बिहान ८:०७ बजे वायुको गुणस्तर निकै खराब रेकर्ड गरिएको थियो।

भारतको मौसम विज्ञान विभागका अनुसार बिहीवार राजधानीको न्यूनतम तापक्रम ७.८ डिग्री सेल्सियसमा रेकर्ड गरिएको थियो।

राष्ट्रिय मौसम पूर्वानुमान एजेन्सीले यसअघि उत्तरी भारतको न्यूनतम तापक्रम आगामी तीन दिनमा २-३ डिग्री सेल्सियसले बढ्न सक्ने बताएको थियो।

बिहारका एक रिक्शा चालक महेश कुमारले बिहीवार एएनआईसँग कुरा गर्दै चीसो मौसमले आफ्नो दैनिक काममा असर गरिरहेको बताए।

"चीसोका कारण आज यात्रुहरू कम छन्। चीसोले हाम्रो सवारीसाधन भित्रै बस्न बाध्य तुल्याउँछ," कुमारले भने।

**चीसो बढेसँगै हरियाणामा १५ दिनको लागि विद्यालय बिदा**

यसैबीच, हरियाणा सरकारले शनिवार आगामी जनवरी १ देखि १५ सम्म सबै सरकारी तथा निजी विद्यालयमा जाडो बिदा गर्ने घोषणा गरेको छ।

हरियाणा मुख्यमन्त्री कार्यालयको आधिकारिक ट्वीटर अनुसार शीतलहर आउने सम्भावनालाई मध्यनजर गर्दै यो निर्णय आएको हो।

प्रशासनका अनुसार बढ्दो चीसोलाई ध्यानमा राख्दै हरियाणा सरकारले सन् २०२४ जनवरी १-१५ सम्म राज्यका सबै सरकारी र निजी विद्यालयहरूमा जाडो बिदाको घोषणा गरेको छ। यस अवधिमा सबै विद्यालयहरू बन्द रहनेछन्।

सरकारले सबै जिल्ला शिक्षा अधिकारी, जिल्ला प्राथमिक शिक्षा अधिकारी तथा प्रधानाध्यापकलाई हरियाणा सरकारले दिएको दिशानिर्देशन पालना गर्न आग्रह गरेको छ।

पञ्जाब, हरियाणा-चण्डीगढ-दिल्लीका अधिकांश भागमा न्यूनतम तापक्रम ४-८ डिग्री सेल्सियसको दायरामा रेकर्ड गरिएको भारतीय मौसम विभागले जनाएको छ।

भारतीय मौसम विज्ञान विभागले आगामी २४ घण्टामा न्यूनतम तापक्रममा करीब दुई डिग्री सेल्सियसले वृद्धि हुने जनाएको छ। रासस

# दुर्लभ दुई गर्भाशय भएकी अमेरिकी महिलाले जन्माइन् जुम्ल्याहा छोरी

न्यूयोर्क, ७ पुस/एएफपी

अमेरिकी शहर अलाबामाकी ३२ वर्षीया महिलाले दुईवटा पाठेघर लिएर जन्मेकी र दुवैमा गर्भवती भएकी महिलाले छुट्टाछुट्टै दिनमा जुम्ल्याहा छोरीलाई जन्म दिएकी छन्।

केल्सी ह्याचरले आफ्नो इन्स्टाग्राम अकाउन्ट 'डब्ल्यूह्याचलिंग्स'मा आफ्नो कहानी शुक्रवार लेखेकी छन्, "हाम्रा चमत्कारिक बच्चाहरू जन्मेका छन्।"

रोक्सी लैला नामकी जेठी छोरीको जन्म मङ्गलवार साँझ ७:४९ बजे भएको हो भने अर्की जुम्ल्याहा शिशु रिबेल लेकेनको बुधवार बिहान ६:०९ बजे जन्म भएको थियो।

ह्याचरले भनिन्, "चिकित्सकहरूले


तस्वीरः फाइल

उनीहरूको जन्म क्रिसमसतिर हुने अनुमान गरेका थिए, तर बहिनीहरू आफ्ना भाइबहिनीहरूसँग छुट्टी मनाउनको लागि समयमा नै आइपुगे।"

आमा र छोरीहरूलाई अस्पतालबाट डिस्चार्ज गरिएको छ। ह्याचरले भविष्यमा गर्भाधानदेखिका सबै विवरण सार्वजनिक गर्ने वाचा गरेकी छन्।

ह्याचरलाई १७ वर्षको उमेरदेखि नै गर्भाशय डिडेल्फिस छ भन्ने थाहा थियो। यो एक दुर्लभ जन्मजात अवस्था हो, जसले बच्चा जन्माउने लगभग ०.३ प्रतिशत महिलाहरूलाई असर गर्छ। उनको गर्भाधानलाई लाखौं महिलामध्ये एकजनामा पाइने दुर्लभ घटना भनिएको छ।

मे महीनामा नियमित आठ हप्ताको अल्ट्रासाउन्डका लागि अस्पताल पुगेकी मसाज थेरापिस्ट र पहिले नै तीन सन्तानकी आमा बनिसकेकी ह्याचरले यसपटक आफ्नो पेटमा जुम्ल्याहा बच्चा रहेको र त्यो पनि आफ्नो दुर्लभ दुईवटा गर्भाशयमा एक/एक वटा भ्रूण रहेको थाहा पाएकी थिइन्।

बर्मिङ्घमको महिला तथा शिशु केन्द्रस्थित अलाबामा विश्वविद्यालयमा ह्याचरको हेरचाह गर्ने प्रसूति तथा स्त्रीरोग विशेषज्ञ श्वेता पटेलका अनुसार दुवै गर्भाशयमा गर्भधारण अत्यन्त दुर्लभ छ।

ह्याचरका अनुसार सन् २०१९ मा बङ्गलादेशमा २० वर्षीया आरिफा सुल्तानाले २६ दिनको फरकमा स्वस्थ जुम्ल्याहा बच्चा जन्माएकी थिइन्। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – धनलाभ | वृष – भाग्योदय |
| मिथुन – बेचैनी | कर्कट – मनोरञ्जन |
| सिंह – कर्मप्राप्ति | कन्या – प्रगति |
| तुला – वादविवाद | वृश्चिक – यात्रालाभ |
| धनु – रोगभय | मकर – सुसमाचार |
| कुम्भ – उदरपीडा | मीन – विजय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# नारायणगढ-मुग्लिन सडक चार घण्टा बन्द हुने

चितवन, ७ पुस/रासस

नारायणगढ-मुग्लिन सडकखण्डको तुइन खोलामा पुल बनाउन भित्तो


तस्वीरः फाइल

काट्नुपर्ने भएपछि शनिवारदेखि दैनिक चार घण्टा सवारीसाधन चलाउन नपाइने भएको छ। बिहान ११ देखि दिउँसो ३ बजेसम्म सडक बन्द रहनेछ।

भीर भएको ठाउँमा पुल बनाउनुपर्ने भएकोले यातायात सेवा बन्द गरेर नै काम गर्न लागिएको हो। चितवन र तनहुँतर्फका विभिन्न छ स्थानमा सवारीसाधन रोकिनेछन्। नागढुङ्गा-मुग्लिन सडक आयोजना पश्चिम खण्ड (नारायणगढ-मुग्लिन)का सूचना अधिकारी कृष्ण आचार्यका अनुसार नारायणगढबाट मुग्लिनतर्फ जाने सवारीसाधनमध्ये यात्रुवाहक सवारीसाधन पन्ध्रकिलो बजारदेखि जुगेडीसम्म बिहान १०:४० बजेसम्म चलाउन पाइनेछ भने मालवाहक सवारीसाधन भतेरी जङ्गलदेखि रामनगरसम्म बिहान १०:३० बजेसम्म मात्र चलाउन पाइनेछ।

काठमाडौंबाट आउने यात्रुवाहक सवारीसाधन मुग्लिन बजारदेखि मनकामना केबुलकारसम्म बिहान १०:५५ सम्म तथा मालवाहक सवारीसधान १०:४५ सम्म मात्र चलाउन पाइने सूचना अधिकारी आचार्यले बताए।

यसैगरी, पोखरातर्फबाट आउने यात्रुवाहक सवारीसाधनलाई बिहान १०:५५ बजेदेखि बेनीटारदेखि पावरहाउससम्म र मालवाहक सवारीसाधनलाई बिहान १०:४५ बजेदेखि सत्रसय फाँटमा रोकिने छ। पहिलो चरणमा तीन हप्ताका लागि सडक बन्द गरेर भित्तो काटिनेछ।

गत वर्ष भित्तो काटिएको भएपनि कडा चट्टान भएकोले काम गर्न कठिन भएपछि विस्फोटका लागि रोकिएको थियो।

विस्फोटको अन्तिम तयारी गर्दैगर्दा पुनः एकपटक सडक बन्द गरेर काट्ने तयारी गरिएको आचार्यले बताए।

६० मिटर अग्लो पहाड गत वर्ष २५ मिटर काटिएको थियो। बाँकी ३५ मिटर सडक अब काट्न लागिएको आचार्यले बताए। यो सडक हुँदै दैनिक १० हजारभन्दा बढी सवारीसाधन चल्ने गर्छन्।

जिल्ला ट्राफिक प्रहरी कार्यालय, चितवनले चार घण्टा सवारीसाधन रोकिने भएकाले वैकल्पिक बाटो प्रयोग गर्न अनुरोध गरेको छ। ट्राफिक जाम हुन सक्ने भएकाले सम्भव भएसम्म वैकल्पिक बाटोको प्रयोग गर्न अनुरोध गरेको छ।

# उखु कृषकलाई अनुदानबापत ८० करोड भुक्तानी

काठमाडौं, ७ पुस/रासस

कृषि तथा पशुपक्षी विकास मन्त्रालयले उखु कृषकलाई अनुदानबापत




रु ८० करोड रकम भुक्तानी गरेको छ। गत आर्थिक वर्ष २०७९/८० मा कृषकलाई भुक्तानी गर्नुपर्ने रु एक अर्ब ३२ करोडमध्ये चालू आवमा सो रकम भुक्तानी गरिएको हो। बाँकी रु ५२ करोड बक्यौता भुक्तानीका लागि मन्त्रिपरिषद्ले रकम थप उपलब्ध गराउन स्वीकृत प्रदान गरेकोले सम्बन्धित जिल्लामा निकासापश्चात् कृषकको उपलब्ध विवरणका आधारमा कृषकको खातामा रकम भुक्तानी हुने मन्त्रालयका सहसचिव एवं प्रवक्ता शबनम सिवाकोटीले जानकारी दिइन्।

सरकारले उखु कृषकको संरक्षण र कृषि व्यवसाय प्रवर्द्धन गर्न हरेक वर्ष उखुको न्यूनतम खरीद मूल्य तोक्दै आएको छ। चालू आवको लागि उखुको न्यूनतम खरीद मूल्य प्रतिक्विन्टल रु ५६५ र नेपाल सरकारले प्रदान गर्ने प्रतिक्विन्टल अनुदान रकम रु ७० निर्धारण गरिएको छ। विभिन्न उखु उत्पादन हुने जिल्लाका कृषकबाट लिइएको उत्पादन लागत विवरण तथा छिमेकी देशमा तोकिएको खरीद मूल्यलाई समेत विश्लेषण गरी तयार गरिएको प्रतिवेदनका आधारमा कृषि विभागले मूल्य निर्धारणका लागि प्रस्ताव गरेको हो।

कृषि तथा पशुपक्षी विकास मन्त्रालयको संयोजकत्वमा अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, राष्ट्रिय किसान आयोग, राष्ट्रिय उखुबाली अनुसन्धान कार्यक्रमका प्रतिनिधि, नेपाल उखु उत्पादन महासङ्घ, चिनी उत्पादक सङ्घलगायतका सरोकारवालाको सुझावसमेतलाई विश्लेषण गरी प्रतिक्विन्टल उखुको लागत २० प्रतिशत मुनाफा र ढुवानी लागतसमेत गरी प्रतिक्विन्टल न्यूनतम खरीद मूल्य रु ५६५ सिफारिश गरिएको थियो।

# 'भूमिमाथिको ज्यादती रोकौं, मानवको अस्तित्व जोगाऔं'

काठमाडौं, ७ पुस/रासस

पृथ्वी र मानवजीवनको अस्तित्व धानेको माटो (भूमि)को संरक्षणमा युवा पुस्तालाई प्रेरित गर्ने उद्देश्यले काठमाडौंमा शनिवारदेखि 'भूमि हाम्रो भविष्य' विषयक दुई दिने राष्ट्रिय सम्मेलन शुरू भएको छ।

माटो संरक्षणको क्षेत्रमा क्रियाशील 'ल्यान्ड आवर फ्युचर' संस्थाले आयोजना गरेको उक्त सम्मेलनमा भूक्षय, वनविनाश, जलवायु परिवर्तनबाट कृषि, जल र खाद्य क्षेत्रमा देखिएका सङ्कट तथा वातावरण एवं जैविक विविधतासम्बन्धी विषयमा छलफल हुनेछ।

सम्मेलनको उद्घाटन सत्रमा सहभागीले रासायनिक मल र विषादीको जथाभावी प्रयोग अन्त्य गरेर भूमिमाथिको ज्यादती रोक्नुपर्नेमा जोड दिएका थिए। भूमिको संरक्षण नै प्राकृतिक संरक्षण रहेको उल्लेख गर्दै उनीहरूले भूमि विषाक्त हुँदा पृथ्वी र सिङ्गो मानवजीवनको अस्तित्व खतरामा परेको बताए। भूमिविना मानव अस्तित्व कल्पना गर्न नसकिनेमा जोड दिंदै सहभागीले युवावर्गले माटो जोगाउनका लागि विशेष भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता औंल्याएका थिए।

सम्मेलनमा माटो जोगाउने अभियानकर्मी, विज्ञ एवं वातावरण, जलवायु, वन, कृषि तथा कानून विषय अध्ययनरत विद्यार्थीको सहभागिता छ। सम्मेलनमा भर्खरै सम्पन्न जलवायु सम्मेलन (कोप-२८)का निर्णय कार्यान्वयन र अगामी कार्यदिशालगायत विभिन्न पाँच विषय क्षेत्रभित्र बृहत् छलफल हुनेछ। कोप-२८ को उपलब्धि, जलवायु सङ्कटसँग जुधिरहेको नेपालको कमजोरी तथा कोप-२९ मा नेपालले उठाउनुपर्ने विषयमा छलफल हुने सम्मेलनका संयोजक अविनभ चौधरीले जानकारी दिए।

सो अवसरमा नेकपा (माओवादी केन्द्र)का सचिव एवं पूर्वमन्त्री गणेश साहले जलवायु परिवर्तनको असर सबैभन्दा बढी प्रभाव युवापुस्ताले नै बेहोर्नुपर्ने भन्दै युवापुस्ता वातावरण तथा जैविक विविधता संरक्षणमा सक्रिय हुनुपर्नेमा जोड दिए। उनले जैविक विविधता संरक्षण तथा फोहोर व्यवस्थापनमा ध्यान दिन आग्रह गरे।

ऊर्जा सङ्कट र ऊर्जा सुरक्षा अहिलेको प्रमुख मुद्दा बनेको उल्लेख गर्दै उनले नवीकरणीय ऊर्जा, माटो, पानी, खाद्य सुरक्षामा युवा जनशक्ति क्रियाशील हुनुपर्ने बताए। "युवामा ठूलो जिम्मेवारी छ, पृथ्वीको भविष्य युवाकै हातमा छ," पूर्वमन्त्री साहले भने, "माटो संरक्षणको विश्वव्यापी जिम्मेवारी पूरा गर्न युवापुस्ता लाग्नुपर्छ।"

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक नवराज ढकालले दिगो विकासको लक्ष्य र जलवायु परिवर्तनका विषयमा विश्वको ध्यान केन्द्रित भएको बताए। उनले हरेक क्रियाकलापलाई वातावरणमैत्री बनाउनुपर्नेमा जोड दिए। सो अवसरमा वातावरण संरक्षणका क्षेत्रमा क्रियाशील पाँचजना युवालाई युवा सम्मान प्रदान गरिएको थियो।

## हेटौंडा अस्पताल ...

सेवा दिने गरिएको छ। सम्बन्धित अस्पताललाई सङ्घीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको महाशाखामार्फत वार्षिक रकम भुक्तानी दिने गरेको बाग्मती प्रदेश स्वास्थ्य मन्त्रालयका सचिव दीपक तिवारीले बताए।

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका रजिस्ट्रार तथा हेटौंडा अस्पताल सञ्चालन समितिका अध्यक्ष राजेश प्रसाईंले हेटौंडा अस्पतालमा विगत एक वर्षअघि सो प्रतिष्ठानले एकजना मिर्गौला रोग विशेषज्ञ चिकित्सक दरबन्दी सिर्जना गरी बिरामीको उपचार गर्दै आएकामा हाल सो प्रतिष्ठानमा प्रदेश सरकारबाट बजेट विनियोजित नहुँदा उक्त चिकित्सकको दरबन्दी हटाइएकाले सो चिकित्सकलाई बिदाइ गर्नुपरेको र सम्बन्धित निकायमा सो चिकित्सकको दरबन्दी उपलब्ध गराउन माग गरिरहेको बताए। उनले हेटौंडा अस्पताल सञ्चालन समितिद्वारा अब तीन हप्ताभित्रै मिर्गौला रोग विशेषज्ञ चिकित्सकलाई अस्पतालमा उपलब्ध गराउन विज्ञापनद्वारा पदपूर्ति गर्न प्रक्रिया थालिएको जानकारी दिए।

## भारतका विश्वविद्यालय ...

प्रोलाइलमा प्रविष्ट विवरणहरूबाट अवगत हुन्छ। उनले आफूलाई मैक्सवे इन्टरनेशनल एजुकेशन, बिजिएस इन्फोसिस तथा लिङ्कन एकेडेमीका संस्थापक तथा कार्यकारी प्रमुख रहेको उल्लेख गरेका छन्।

Lincoln Academy को फेसबूक पेजमा समाविष्ट कभर तस्वीरमा रहेका मोबाइल नम्बरहरू बिएचयू, डियू र स्टडी इन इन्डियाको नक्कली पेजमा प्रविष्ट मोबाइल नम्बरसँग मेल खान्छ भने ल्यान्डलाइन फोन नम्बर BGS Infosys मा समाविष्ट फोन नम्बरसँग मेल खान्छ।

तसर्थ विभिन्न विश्वविद्यायलहरूका नक्कली फेसबूक पेज सञ्चालन गरिरहेका व्यक्ति Lincoln Academy र BGS Infosys का मालिक गम्भीर भगत नै हुन् भन्ने पुष्टि हुन्छ।

गम्भीर भगतले सञ्चालन गरिरहेको Lincoln Academy को फेसबूक पेजमा विभिन्न विश्वविद्यालयहरूमा विद्यार्थी भर्नासम्बन्धी प्रचारप्रसार गरिएका पोस्टहरूमध्ये बिएचयू र डियूका पोस्टहरू पनि छन्, जसमा Nepal Admission Help Line No र मोबाइल नम्बर उल्लेख रहेको पाइन्छ, जुन गम्भीर भगतको हो।

Lincoln Academy को फेसबूक पेजमा उल्लेख गरिएको URL http://www.linconacademy.com.np खुलिरहेको छैन भने युआरएलमा Lincoln को स्थानमा केवल Lincon प्रविष्ट रहेको देखिन्छ। यद्यपि यो संस्था नेपालको सरकारी निकायमा दर्ता छ/छैन शङ्काको घेरामा छ। किनभने Lincoln Academy नामको शैक्षिक संस्था संयुक्त राज्य अमेरिकाको एक प्रसिद्ध निजी विद्यालय हो।

अनुसन्धानको क्रममा उनको फेसबूक प्रोफाइलमा भारतका केही निजी विश्वविद्यालयहरूबाट प्राप्त औपचारिक शैक्षिक परामर्शदाताका पत्रहरू चाखपूर्वक प्रेषण गरेको देखिन्छ। यी पत्रहरूमा सन् २०२३ को लागि Kathmandu Maxway International Educational Consultancy को परामर्शदाताको रूपमा आधिकारिकता प्रदान गरेको देखिन्छ। उनको निजी फेसबूक प्रोफाइलमा बिएचयू, डियू र स्टडी इन इन्डियाको भर्नासम्बन्धी कुनै पनि पोस्ट प्रेषण भएको देखिँदैन। यावत् प्रमाणहरूले उनी समाजमा आफूलाई इमानदार प्रस्तुत गर्दै अदृश्यरूपमा विद्युतीय कारोबार ऐन, २०६४ विरुद्ध गतिविधि गरिरहेको छर्लङ्ग छ।

प्रतीक दैनिकको अनुसन्धान टोलीले भर्नाको लागि विद्यार्थी बनेर गम्भीर भगतसँग फोन सम्पर्क गर्दा उनले विश्वविद्यालयमा लाग्ने शुल्कबाहेक भारु एक लाख लाग्ने बताए। उनले आगामी सन् २०२४ का लागि बूकिङ धमाधम भइरहेको भन्दै जतिसक्दो चाँडो सम्पर्क गर्न भने।


## प्रदूषण रोकौं, स्वस्थ बनौं

**वातावरण प्रदूषणका कारणहरू :**

- अव्यवस्थित औद्योगिकीकरण,
- प्राकृतिक स्रोतसाधनको जथाभावी उत्खनन,
- जथाभावी फोहोर विसर्जन,
- प्रदूषणको मापदण्ड भित्र नपरेका सवारीसाधनको प्रयोग,
- वनजङ्गलको विनाश,
- प्लास्टिकको प्रयोग,
- प्लास्टिकलगायत अन्य वस्तु जलाउनु,

**यस्ता कार्य नगरौं/नगराऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड







# खेलकूदको संसार

## सिजी कप : लोट्स र सोलिडारिटी विजयी

प्रस, परवानीपुर, ७ पुस/

वीरगंजमा जारी सिजी एजुकेशन कपमा शनिवार दुईवटा खेल सम्पन्न भए। पहिलो खेलमा लोट्स एकेडेमी र दोस्रो खेलमा सोलिडारिटी स्कूल, हेटौंडा विजयी भएका छन्।

दिल्ली पब्लिक स्कूल (डिपिएस) वीरगंजद्वारा आयोजित र आफ्नै खेलमैदानमा सम्पन्न पहिलो खेलमा लोट्स एकेडेमीले मोर्डन स्कूल परवानीपुरलाई शून्यका विरुद्ध दुई गोलअन्तरले पराजित गरेको हो। लोट्सको तर्फबाट जेम्स चौधरीले १२औं र दिलकुमार विश्वकर्माले ४६औं मिनेटमा गोल गरेका थिए भने मोर्डनका तर्फबाट सन्दीप यादवले २८औं मिनेटमा एकमात्र गोल गरेका थिए। मोर्डनका खेलाडी लोट्सका खेलाडीसमक्ष कमजोर देखिएका थिए। यस खेलको उत्कृष्ट खेलाडी लोट्सका दिलकुमार विश्वकर्मा घोषित भए।



त्यसैगरी, दोस्रो खेलमा हेटौंडाको सोलिडारिटी इन्टरनेशनल स्कूलले शुभतारा स्कूल सिमरालाई दुई गोलका विरुद्ध पाँच गोल गरी विजयी भएको थियो। शुभताराका समीर नेपालीले २९औं र साज गुरुङले ६१औं मिनेटमा दुई गोल गरेका थिए भने सोलिडारिटीका मिलन काफ्लेले पाँचौं, साजन खत्रीले २२औं र ४३औं र नोसिस मगरले ३०औं र ४९औं मिनेटमा शुभताराका खेलाडीद्वारा आत्मघाती गोल भएपछि सोलिडारिटी दुईका विरुद्ध पाँच गोलअन्तरले विजयी भएको हो।

उक्त खेलको उत्कृष्ट खेलाडी सोलिडारिटीका तर्फबाट दुई गोल गरेका साजन खत्री घोषित भए। आइतवार पनि दुई खेल हुने आयोजक विद्यालय डिपिएसले जनाएको छ। आइतवार डिपिएस र ज्ञानदाबीच पहिलो क्वाटरफाइनल खेल हुनेछ भने लिग राउन्ड अन्तर्गत गौतम र ब्राइटर स्कूल सिमराबीच दोस्रो खेल हुनेछ। पुस १३ गतेसम्म चल्ने प्रतियोगितामा पर्सा, बारा, मकवानपुर, चितवनका १६ वटा निजी विद्यालयको सहभागिता रहेको विद्यालयका प्रधानाध्यापक रञ्जीव आनन्दले बताए।

## विवादको कारण सेमिफाइनल खेल स्थगित

दिनेश मिश्र, पोखरिया, ७ पुस/

पोखरियामा जारी पाँचौं मेयर कप टी–२० क्रिकेट प्रतियोगिता अन्तर्गत शनिवार हुने भनिएको दोस्रो सेमिफाइनल खेल विवादका कारण स्थगित भएको छ।

हिजो पहिलो सेमिफाइनल अन्तर्गत पोखरिया नपा र सखुवाप्रसौनी गापाबीच भएको खेलमा अम्पायरले गलत निर्णय दिएको भनेर आज स्थानीय युवाहरूले विवाद सिर्जना गरेपछि आजको दोस्रो सेमिफाइनल खेल स्थगित भएको हो।


तस्वीरः प्रतीक

हिजो सखुवाप्रसौनीले बलिङ गर्दा पोखरियाको विकेट खसेको थियो तर अम्पायरले आउट नदिएको भनेर विवाद भएको थियो। हिजो भएको पहिलो सेमिफाइनल खेलमा पोखरिया नपा जिते पनि आज बिहान भने हिजोको विषयलाई लिएर विवाद चर्किएको हो।

प्रहरीले विवाद साम्य पारेको र पञ्चायती गरेर थप विवाद साम्य पार्ने भनी आजको खेल स्थगित गरिएको थियो। प्रतियोगिताको फाइनल खेल भने सोमवार खेलाइने तालिका थियो।

यसअघि पनि लिग खेलमा विवाद भएर विन्ध्यवासिनी गापाले खेल परित्याग गरेको थियो। पछि पुनः प्रवेश गरेको विन्ध्यवासिनी र कालिकामाई गापाबीचको दोस्रो सेमिफाइनल खेल  स्थगित भएको हो।

## टी–२० प्रतियोगितामा पुलिसको पहिलो जीत

वीरगंज (पर्सा), ७ पुस/रासस

पर्साको वीरगंजमा जारी दोस्रो संस्करणको प्रो–क्लब क्रिकेट च्याम्पियनशिप टी–२० प्रतियोगितामा शनिवार नेपाल पुलिस क्लबले पहिलो जीत हात पारेको छ।

वीरगंजस्थित नारायणी रङ्गशालामा सञ्चालित प्रतियोगिता अन्तर्गत आज बिहान भएको पहिलो खेलमा भारतको युपी ११ लाई छ विकेटले पराजित गर्दै पुलिसले पहिलो जीत हात पारेको हो। यो जीतसँगै पुलिसले दुई अङ्क बटुलेको छ।

टस जितेर पुलिसले पहिले फिल्डिङ रोजेपछि ब्याटिङमा उत्रेको युपी ११ ले निर्धारित २० ओभरमा सात विकेट गुमाएर ८८ रनको योगफल जोडेको थियो। युपी ११ का लागि निखिल प्रतापले २४, जयदीप सिंहले १७, शुभम चौधरीले १५, भीम शर्माले ११ तथा मन्थन प्रसादले १० रनको योगदान दिए। युपी ११ का तीनजना खेलाडी रन आउट भएका थिए।

भारतको युपी ११ लाई मध्यम स्कोरमा रोक्न पुलिसका सागर ढकाल र रसिद खानले समान दुई/दुई विकेट हात परे। सो लक्ष्य पुलिसले १४ दशमलव दुई ओभरमा चार विकेट गुमाएर भेटाएको छ।

पुलिसका लागि शङ्कर राणाले अविजित ३१ रनको योगदान दिए भने कप्तान आसिफ शेखले २३ तथा दिलीप नाथले २१ रनको महत्त्वपूर्ण पारी खेले। पुलिसका सुनील धमला ७ तथा अर्जुन साउद शून्य रनमा रनआउट भए।

भारतको युपी ११ का सहनसा अहमले दुई विकेट लिए भने भीम शर्मा र असी अन्सारीले समान एक/एक विकेट हात पारे। प्रतियोगिताको 'म्यान अफ दी म्याच' पुलिसका शङ्कर राणा घोषित भए।

आजै वन्डर्स नोयडा क्लब एवं पर्सा ११ बीच भएको दोस्रो खेलमा पर्सा ११ विजयी भएको छ। टस जितेर ब्याटिङ रोजेको नोयडाले १९.५ ओभरमा सबै विकेट गुमाएर १०१ रन बनाएको थियो। नोयडाका अलिप्त गुप्ताले १९, कप्तान हर्षित सेठीले १८, तरुण विष्टले १५ रन बनाएका थिए। पर्साका सैफुल्ला अन्सारी र कप्तान सन्दीप लामिछानेले दुई/दुई विकेट लिए भने पवन सर्राफ, रूपेश सिंह, रञ्जीत कुमारले एक/एक विकेट लिए। १०२ रनको विजयी लक्ष्य लिएको पर्साले १९.२ ओभरमा पाँच विकेटको क्षतिमा लक्ष्य पूरा गरेर जीत हासिल गरेको थियो। पर्साका पवन सर्राफले २७, हासिम अन्सारी र अनिल साहले २१/२१ रन बनाएका थिए। नोयडाका सञ्जीवन चतुर्वेदीले दुई र सेठी र दिव्यांस रावतले एक/एक विकेट लिए। यस खेलको 'म्यान अफ दी म्याच' पवन सर्राफ घोषित भए।

पुस ५ देखि १४ गतेसम्म चल्ने यो प्रतियोगितामा तीन विभागीय, एक पर्सा र दुई भारतीय टीम गरी कुल छवटा टीमको सहभागिता छ। भैरहवापछि वीरगंजमा दोस्रो संस्करणको प्रतियोगितामा अधिकांश नेपाली स्टार क्रिकेटरहरू खेलिरहेकाले दर्शकहरूको भीड बढी छ।

जीर्ण बन्दै गएको वीरगंजस्थित नारायणी रङ्गशाला पुनर्निर्माणतर्फ तीनै तहको सरकारको ध्यानाकर्षण गराउन र क्रिकेट खेलको विकास गर्ने उद्देश्यले पर्सा क्रिकेट सङ्घ र जोहरा इन्टरनेशनलको संयुक्त आयोजनामा शुरू भएको प्रतियोगितामा पर्सा–११, त्रिभुवन आर्मी, नेपाल पुलिस, एपिएफ क्लब, भारतको वान्डर्स क्लब र युपी ११ गरी छ टीमको सहभागिता रहेको प्रतियोगिताका म्यानेजर दाउद अन्सारीले जानकारी दिए। प्रतियोगिता यही पुस १४ गतेसम्म सञ्चालन हुनेछ।



पर्सा राष्ट्रिय निकुञ्जको निषेधित वन क्षेत्रभित्र दाउरा, घास गर्न आएकाहरूलाई पिलुवा, पसाह वन क्षेत्रबाट निकुञ्ज सुरक्षार्थ खटिएका सेनाले नियन्त्रणमा लिई पसाहास्थित सुरक्षा पोस्टमा लैजाँदै। दैनिक दुई–तीन सयको हाराहारीमा स्थानीय निकुञ्ज क्षेत्रमा प्रवेश गर्ने गरेका छन्। तस्वीरः जीतलाल श्रेष्ठ